**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**राजस्व सदस्य श्री गोविन्दप्रसाद अधिकारी**

**लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाईं**

**फैसला**

**२०७८।०७९ सालको निर्णय नं. ३२५**

**पुनरावेदन नं.-०७८-RB-००२३**

**मुद्दाः नगद चोरी पैठारी ।**

| | |
|---|---|
| देश भारत, विहार राज्य, मधुमनी जिल्ला थाना हरलाखी ग्राम पंचायत पिपरौन वडा नं. ५ बस्ने सुमित कुमार यादव........................................................................१ <br> जिल्ला महोत्तरी लोहरपट्टी नगरपालिका वडा न. ५ स्थायी ठेगाना भइ हाल जिल्ला धनुषा नगराइन न.पा. वडा नं. २ बस्ने संजय कुमार साह..................................१ | पुनरावेदक <br> प्रतिवादी |

**विरुद्ध**

| | |
|---|---|
| श्री जिल्ला प्रहरी कार्यालय, धनुषाको प्रतिवेदनले नेपाल सरकार...........................१ | प्रत्यर्थी <br> वादी |

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- जनकपुर भन्सार कार्यालय, जनकपुरधाम

शुरु निर्णय गर्ने अधिकारीः- निमित्त प्रमुख भन्सार अधिकृत श्री प्रमोद दास

शुरु निर्णय भएको मितिः - २०७८/०३/२५

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाटः- विद्धान बरिष्ठ अधिवक्ता श्री प्रकाश बहादुर के.सी.

प्रत्यर्थी कार्यालयको तर्फबाट : विद्धान उपन्यायाधिवक्ता श्री दीपक भण्डारी

**अविलम्वित नजीरः ×**

जनकपुर भन्सार कार्यालयका निमित्त प्रमुख भन्सार अधिकृत श्री प्रमोद साहले मिति २०७८।०३।२५ मा गरेको फैसला उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) तथा भन्सार ऐन, २०६४ को दफा ६२(१) बमोजिम यस न्यायाधिकरणमा पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दा यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्र पर्ने हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

## तथ्य खण्ड

१. मिति २०७७।११।११ गते अ. ११.०० बजेको समयमा नेपाल भारत सिमा रहेको जिल्ला धनुषा नगराईन नगरपालिका वडा नं २ स्थित जटही वोर्डरमा भारतबाट नेपाल तर्फ आएको BR 32AG 5743 को भारतीय अपाची मोटरसाईकल नरोकी भागेकोले ऐ. ऐ. स्थित नगराईन चोकमा रहेको इस्लाम कवारीको घरमा कपडा तथा कस्मेटिक कपडा पसल संचालन गरी बस्ने संजय कुमार साहको पसल अगाडि बाटोमा मोटरसाईकल रोकी सो व्यक्ति संजय कुमार साहको पसलमा गई व्याग सहित कुर्सीमा बसेको अवस्थामा उक्त भारतीय मोटरसाईकलमा आउने व्यक्ति देश भारत बिहार राज्य मधुमनी जिल्ला थाना हरलाखी ग्राम पंचायत पिपरौन वडा नं ५ बस्ने राजेन्द्र यादवको छोरा वर्ष २६ को सुमित कुमार यादवलाई फेला पारी निजले बोकेको व्याग खान तलासी गर्दा सो व्याग भित्र रु. १,०००।- दरको नोट १०० थान भएको १६ बन्डल र रु.५००।- दरको नोट १०० थान भएको १९ बन्डल गरी जम्मा नगद रु.२५,५०,०००।०० (पच्चिस लाख पचास हजार मात्र) फेला परेकोमा उक्त रकम र निज सुमित कुमार यादव सवार BR 32AG 5743 को भारतीय अपाची मोटरसाईकल बरामद गरी निज सुमित कुमार यादव र सो पसलको संचालक जिल्ला महोत्तरी लोहारपट्टि नगरपालिका वडा नं ५ घर भई जिल्ला धनुषा नगराईन नगरपालिका वडा नं २ मा पसल संचालन गरी बस्ने संजय कुमार साहलाई बरामद दशी सहित पक्राउ गरेको मिति २०७७।११।११ को बरामदी मुचुल्का।

२. मिति २०७७।११।११ को बरामदी मुचुल्का अनुसारका मानिस, BR 32AG 5743 को भारतीय अपाची मोटरसाईकल र बरामद गरिएको नगद रु.२५,५०,०००।०० (पच्चिस लाख पचास हजार मात्र) सहित अवैध नगद चोरी पैठारी अभियोगमा आवश्यक कारवाहीको लागि जिल्ला प्रहरी कार्यालय धनुषामा पेश हुन आएको प्र.ना.नि. धर्मेन्द्र ठाकुर समेतको मिति २०७७।११।१२ को प्रहरी प्रतिवेदन ।

३. मेरो घर भारत, बिहार राज्य जिल्ला मधुवनी थाना हरलाखी ग्राम पंचायत पिपरौन वडा नं ५ बाट BR 32AG 5743 नं को मोटसाईकल लिएर आउदै गर्दा नेपालको नगराईन नपा वडा नं २ स्थित संजय कुमार साहको नेहा फैन्सी स्टोर्समा बसेको अवस्थामा जिल्ला प्रहरीको टोलीले पक्राउ

गरेको र मेरो साथबाट १,०००।- दरको नोट १,६०० थान ५००।- दरको नोट १,९०० थान बरामद भएको हो । बरामद भएको नगद जिल्ला धनुषा जनकपुर उमनपा वडा नं १३ बस्ने नातामा मौसा ( सानो बुबा) पर्ने सत्य नारायण विराजी यादवलाई रु २०,००,०००।०० (विस लाख मात्र) र बाँकि नगद रु ५,५०,०००।०० (पाच लाख पचास हजार) जनकपुर उप-महानगरपालिका वडा नं ४ बस्ने नातामा भिनाजु पर्ने शुभ नारायण यादवलाई वहिनीको विवाहको लागि मैले लिएको ऋण सापटी भुक्तानी गर्ने प्रयोजनको लागि दिन ल्याएको हो । उक्त रकम मैले भारत बिहार राज्य मधुमनी जिल्ला थाना हरलाखी ग्राम पंचायत पिपरौन वडा नं ५ मा रहेको ८ कट्ठा १७ धुर जग्गा विक्री बाट भारतीय रु १६,००,०००।- प्राप्त गरेको र उक्त रकम पिपरौन स्थित काली किराना पसलबाट नेपाली रु २५,६०,०००।- बनाएको हो । मलाई नेपाली रुपैया ल्याउदा भन्सार कार्यालयमा घोषणा गर्नुपर्ने कुरा जानकारी थिएन । सगै पक्राउ परेको संजय कुमार साहको नगद चोरी पैठारीमा संलग्नता छैन । BR 32AG 5743 नं को मोटसाईकल देश भारत बिहार राज्य मधुमनी जिल्ला थाना हरलाखी ग्राम पंचायत पिपरौन वडा नं ५ बस्ने साथि रोशन कुमारको हो । मबाट नेपालको कानूनी व्यवस्था थाहा नभएकोले भुलवस गल्ती भयो भन्ने समेत व्यहोराको प्रतिवादी सुमित कुमार यादवले अनुसन्धान अधिकृत समक्ष मिति २०७७।११।१२ मा गरेको बयान।

४. जिल्ला धनुषा नगराईन नगरपालिका वडा नं २ स्थित इस्लाम कवारीको घरमा नेहा फैन्सी स्टोर्स एण्ड रेडिमेड नामको पसल र टेन्ट सम्बन्धी काम समेत गर्दछु । विहार घर भएको सुमित कुमार यादव मेरो पसल अगाडिबाट पक्राउ परेको सुनेको हुँ । म सो समयमा टेन्टको सामान जटहीमा पुर्याएर फर्कदै गरेको र मेरो पसल अगाडि आई पुग्दा नगद गन्ती गरिरहेको देखेको हुँ । मेरो साथबाट मालवस्तु बरामद भएको छैन । सुमित कुमार यादव सामान्य चिनजान मात्र हो । मलाई मेरो पसलको अगाडिबाट नगद बरामद भएकोले सोधपुछ गर्न जानुपर्छ भनी ल्याएका हुन । नगद चोरी पैठारीमा मेरो संलग्नता छैन आफु निर्दोष भएकोले अभियोगबाट छुटकारा पाउ भन्ने समेत व्यहोराको प्रतिवादी संजय कुमार साहले अनुसन्धान अधिकृत समक्ष मिति २०७७।११।१२ गरेको बयान।

५. मिति २०७७।११।११ को बरामदी मुचुल्का अनुसारका मानिस, BR 32AG 5743 को भारतीय अपाची मोटरसाईकल र बरामद गरिएको नगद रु.२५,५०,०००।०० ( पच्चिस लाख पचास हजार मात्र ) सहित प्रतिवादीहरु सुमित कुमार यादव र संजय कुमार साहलाई पक्राउ गरेको ठिक साँचो हो भन्ने प्र.ना.नि.रामरेख यादव र प्र.ना.नि.आस नारायण गिरीको एकै मिलानको घटना विवरण कागज।

६. प्रहरी प्रतिवेदन, बरामदी/खानतलासी मुचुल्का, प्रतिवेदकहरुले गरेको घट्ना विवरण कागजात, विपक्षी प्रतिवादीहरुको कसुर स्वीकार गरेको साविती बयान समेतबाट प्रतिवादी सुमित कुमार

र संजय कुमार साहले भन्सार ऐन २०६४ को दफा ५७(१) बमोजिम कसुर गरेको पुष्टि भएकोले प्रतिवादी सुमित कुमार यादवलाई बरामद भएको नगद रु २५,५०,०००।- लाई विगो आधार मानी भन्सार ऐन २०६४ को दफा ५७ (१ग) (ख) बमोजिम विगो जफत गरी विगो बमोजिम रु २५,५०,०००।- र BR 32AG 5743 नं को मोटसाईकलको धनी समेत सुमित कुमार यादवलाई मानि ऐ. ऐनको दफा ५७को १ख बमोजिम रु १,००,०००।- गरी जम्मा रु २६,५०,०००।- नगद जरिवाना हुन र बरामदित BR 32AG 5743 नं को मोटसाईकल समेत ऐ . ऐनको दफा ५७(२) बमोजिम जफत हुन र ऐ ऐनको दफा ५७(१ग) (ख) बमोजिम ३ महिना कैद सजाय हुन र अर्का प्रतिवादी संजय कुमार साहलाई भन्सार ऐन २०६४ को दफा ५७ (१ग) बमोजिम विगो बराबर रु. २५,५०,०००।- नगद जरिवाना हुन र सोहि ऐनको दफा ५७(१ग) (ख) बमोजिम ३ महिना कैद सजाय हुन माग दावी लिएको मिति २०७७।१२।०६ को अभियोग पत्र ।

७. प्रतिवादी मध्येका सुमित कुमार यादवसंग रु. २६,९१,५००।— र प्रतिवादी संजय कुमार साहसंग रु.१०,०००।— धरौटी माग गर्नु। नगद धरौटी रकम दाखिला गरे निजलाई तारेखमा छाडिदिनु भन्ने समेत व्यहोराको भन्सार अधिकृतबाट मिति २०७८।०२।१६ मा भएको आदेश।

८. प्रतिवादीहरु सुमित कुमार यादव र संजय कुमार साहलाई थुनछेक आदेशानुसार थुनामा राख्न सिन्धुली कारागार कार्यालयमा पठाएकोमा मिति २०७८।०२।१६ को आदेशले धरौटी बुझाई तारेखमा छुटेको।

९. प्रतिवादी सुमित कुमार यादवले भन्सार ऐन २०६४ (संसोधन सहित) को दफा ५७(१) बमोजिमको कसुर गरेको प्रमाणित भएकोले प्रतिवादी सुमित कुमार यादवलाई बरामद भएको नगद विगोलाई भन्सार ऐन २०६४ को दफा ५७(१ग) र दफा ५७(१ग) (ख) बमोजिम कायम गरि बरामद विगो रु.२५,५०,०००।- जफत गरी विगो बमोजिम जरिवाना रु. २५,५०,०००।— र निजलाई २ महिना ११ दिन कैद गर्ने एंव प्रतिवादी संजय कुमार साहलाई भन्सार ऐन ,२०६४ को दफा ५७(४) बमोजिमको रु.१०,०००।- जरिवाना हुने ठहर्याई जनकपुर भन्सार कार्यालयबाट मिति २०७८।०३।२५ मा भएको फैसला।

१०. हामी पुनराबेदकहरुले नगद चोरी पैठारी नगरेको र मैले श्रोत खुलेको आफ्नो निजी सम्पती विक्री गरी नेपाल स्थित नेपाली साहुलाई चुक्ता गर्न आएको अबस्थामा नेपाल राष्ट्र बैंकको व्यवस्था अनुरुप पचास लाख रुपैया भन्दा कम रकमको कारोबार गरेको अबस्थामा समेत नगद चोरी पैठारी गरेको भनि मुद्दा चलाई म पुनराबेदक सुमित कुमार यादवको कानुन बमोजिमको रकम जफत गरी विगो बमोजिम जरिवाना, कैद सजाय गरेको र म प्रतिवादी संजय कुमार साहले अर्का प्रतिवादी सुमित कुमार यादबलाई सहयोग गरेको भनि जरिवाना गराई ठहर

गरेको जनकपुर भन्सार कार्यालयको मिति २०७८।०३।२५ को निर्णय कानुनी रुपमा त्रुटीपुर्ण हुँदा उक्त निर्णय बदर गरि सफाई पाउँ भन्ने समेत व्यहोराको पुनरावेदक प्रतिवादीहरु संजय कुमार साह र सुमित कुमार यादबको तर्फबाट यस न्यायाधिकरणमा मिति २०७८।०४।२५ मा परेको संयुक्त पुनरावेदन पत्र ।

११. मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार गरी पेश गर्नु भन्ने मिति २०७८।०९।२३ को यस न्यायाधिकरणबाट भएको आदेश ।

## ठहर खण्ड

१२. नियम बमोजिम साप्ताहीक तथा दैनिक पेशी सूचिमा चढी निणयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीका तर्फबाट उपस्थित हुनुभएका विद्वान बरिष्ठ अधिवक्ता श्री प्रकाश बहादुर के.सी.ले प्रतिवादी सुमित कुमार यादबले भारतमा रहेको आफ्नो निजी सम्पती विक्री गरी नेपाल स्थित नेपाली साहुलाई चुक्ता गर्न आएको र नेपाल राष्ट्र बैंकको व्यवस्था अनुरुप पचास लाख रुपैया भन्दा कम रकमको कारोबार गरेको मा पनि नगद चोरी पैठारी मुद्दा चलाई बरामद रकम जफत गरि जरिवाना, कैद सजाय गरेको र प्रतिवादी संजय कुमार साहले अबैध नगद कारोवार गर्न सुमित कुमार यादबलाई सहयोग गरेको भनी जरिवाना गर्ने ठहर गरेको शुरु कार्यालयको निर्णय कानुनसंगत नहुँदा उक्त निर्णय बदर गरी प्रतिवादीहरुले सफाई पाउँनु पर्छ भनी बहस प्रस्तुत गर्नु भयो।

१३. प्रत्यर्थी वादीको तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान उपन्यायाधिवक्ता श्री दिपक भन्डारीले प्रतिवादी सुमित कुमार यादबको साथबाट नगद बरामद भएको तथ्य बरामदी मुचुल्कामा प्रतिवादीले सहीछाप गरेको एवं अनुसन्धान अधिकारी समक्ष गरेको बयानमा समेत आफ्नो साथबाट नगद बरामद भएको तथ्यलाई स्वीकार गरेको अबस्थामा जनकपुर भन्सार कार्यालयले प्रतिवादी सुमित कुमार यादबलाई विगो जफत गरी विगो बमोजिम जरीवाना र कैद एवं प्रतिवादी संजय कुमार साहलाई अबैध नगद कारोबार गर्न सहयोग गरेकोले जरिवाना गरेको फैसला कानुनसम्मत नै रहेको देखिदा सदर गरी पाउँ भनी गर्नुभएको बहस जिकिर समेत सुनियो।

१४. पुनरावेदक प्रतिवादीहरुको तर्फबाट लिइएका पुनरावेदन जिकिर, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा जनकपुर भन्सार कार्यालयबाट भएको फैसला मिलेको छ, छैन? पुनरावेदक प्रतिवादीहरुको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१५. सर्वप्रथम प्रतिवादी सुमित कुमार यादवको हकमा हेर्दा निजले पुनरावेदन पत्रमा निजी सम्पती विक्री गरी नेपाल स्थित नेपाली साहुलाई चुक्ता गर्न आएको अबस्थामा नेपाल राष्ट्र बैंकको व्यवस्था अनुरुप पचास लाख रुपैया भन्दा कम रकमको कारोबार गरेको स्थितिमा समेत नगद चोरी पैठारी मुद्दा चलाई म पुनरावेदक सुमित कुमार यादवको कानुन बमोजिम आर्जन गरेको रकम जफत गरी विगो बमोजिम जरिवाना, कैद सजाय गरेको जनकपुर भन्सार कार्यालयको निर्णय कानुनसम्मत नभई त्रुटीपुर्ण हुँदा उक्त निर्णय बदर गरी सफाई पाउँ भन्ने समेत व्यहोराको जिकिर लिएको देखिन्छ। मिति २०७७।११।११ गते अन्दाजी ११.०० बजेको समयमा नेपाल भारत सिमा रहेको जिल्ला धनुषा नगराईन नगरपालिका वडा नं २ स्थित नगराईन चोकमा रहेको इस्लाम कवारीको घरमा संजय कुमार साहको पसल अगाडि बाटोमा मोटरसाईकल रोकी बसेको अवस्थामा सुमित कुमार यादवको व्याग खान तलासी गर्दा रु. १,०००।- दरको नोट १०० थान भएको १६ बन्डल र रु.५००।- दरको नोट १०० थान भएको १९ बन्डल गरी जम्मा नगद रु. २५,५०,०००।- (पच्चिस लाख पचास हजार मात्र) फेला परेको र निजले चलाएको BR 32AG 5743 को भारतीय अपाची मोटरसाईकल समेत बरामद गरी सो पसल संचालन गरी बस्ने संजय कुमार साहलाई समेत पक्राउ गरेको वरामदी खानतलासी मुचुल्काबाट देखिन्छ। उक्त मुचुल्कामा यी प्रतिवादी सुमित कुमार यादव रोहवरमा बसी दस्तखत गरेको देखियो। बरामदीत नगद आफ्नो साथमा रहेको व्यागबाट बरामद भएको र बरामदीत नगद मेरो भारतमा रहेको जग्गा बेची प्राप्त गरेको हो। सो नगद नेपाली साहुलाई तिर्न बुझाउन ल्याउदा नगद बरामद भएको तथ्यलाई अनुसन्धान अधिकृत समक्ष गरेको बयानमा सुमित कुमार यादवले स्वीकार गरेको देखिन्छ। कानुन बमोजिम लिएर आएको भए भन्सारमा घोषणा गर्नुपर्नेमा त्यसो नगरी यी प्रतिवादी मोटरसाइकलमा भागेको देखिन आउछ।

१६. भन्सार ऐन, २०६४ को दफा २(च) मा "चोरी पैठारी" भन्नाले "भन्सार महशुल लाग्ने मालबस्तु भन्सार महशुल नतिरी, लुकाई छिपाई वा बाटो छली वा भन्सार महशुल नलाग्ने मालबस्तु भए पनि यस ऐन बमोजिम घोषणा नगरी नेपाल भित्र ल्याउने कार्यलाई सम्झनु पर्छ" भन्ने ब्यवस्था रहेको साथै भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (१) मा "कसैले कुनै मालबस्तु चोरी निकासी वा चोरी पैठारी गरेमा वा गर्ने प्रयत्न गरेमा वा खास बाटोबाट मात्र निकासी वा पैठारी गर्न पाउने गरी दफा ३ बमोजिम बाटो तोकिएकोमा सो बाटो बाहेक अन्यत्रबाट निकासी वा पैठारी गरेमा यस ऐन बमोजिमको कसुर गरेको मानिनेछ" भन्ने कानुनी व्यबस्था रहेको पाइन्छ भने भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (१ग) मा "उपदफा (१) बमोजिमको कसुरको बिगो दशलाख रुपैया देखि एक करोड सम्म भएमा त्यस्तो मालबस्तु जफत भई मालबस्तुको बिगो बमोजिम जरिवाना र देहाय बमोजिमको कैद सजाय हुनेछ भन्ने कानुनी व्यवस्था रहेको पाईन्छ।

(क) दश लाख रुपैया भन्दा बढी पच्चीस लाख रुपैयासम्मको बिगोमा एक महिनासम्म,

(ख) पच्चीस लाख रुपैया भन्दा बढी पचास लाख रुपैयासम्मको बिगोमा एक महिनादेखि तीन महिनासम्म,

(ग) पचास लाख रुपैयाभन्दा बढी एक करोड रुपैयासम्मको बिगोमा तीन महिनादेखि एक बर्षसम्म।

१७. निज प्रतिवादी सुमित कुमार यादवले बरामद भएको नगद रुपैया भारतमा आफ्नो नाममा रहेको जग्गा बिक्री गरी बहिनीको विवाहमा भएको खर्च तिर्न नेपाली साहुको घर तर्फ आउने क्रममा मिति २०७७।११।११ गते अन्दाजी ११.०० बजेको समयमा नेपाल भारत सिमा रहेको जिल्ला धनुषा नगराईन नगरपालिका वडा नं २ स्थित नगराईन चोकमा रहेको इस्लाम कवारीको घरमा रहेको संजय कुमार साहको पसल अगाडी बाटोमा BR 32AG 5743 को भारतीय अपाची मोटरसाईकल रोकी बसेको अवस्थामा निजले बोकेको व्यागमा रु. १,०००।- दरको नोट १०० थान भएको १६ बन्डल र रु.५००।- दरको नोट १०० थान भएको १९ बन्डल गरी जम्मा नगद रु. २५,५०,०००।- (पच्चिस लाख पचास हजार मात्र) बरामद गरी पक्राउ परेको भनि अनुसन्धान अधिकृत समक्षको बयानमा उल्लेख गरेको देखिन्छ। निज प्रतिवादी सुमित कुमार यादवले नेपाल भारत सिमामा रहेको नेपाली भन्सार कार्यालयमा नेपाल प्रवेश गर्दा आफ्नो साथमा ल्याएको नगद रकमको प्रज्ञापन पत्र भरी प्रविष्ट गराई नगद ल्याएको घोषणा गरी तोकिएको बाटोबाट कानुनी प्रक्रिया पुर्याइ ल्याउनु पर्नेमा सो गरेको देखिदैन। निज प्रतिवादी सुमित कुमार यादव नेपाल प्रवेश गर्ने क्रममा तोकीएको बाटो प्रयोग गरेको समेत देखिदैन भने नेपाल प्रहरीले निज चढेको मोटरसाइकल रोक्न खोज्दा समेत नरोकी भागेको देखिन्छ। यसरी हेर्दा नेपाल कानुनले तोकेको प्रकिया पुरा नगरी आफ्नो साथमा रहेको नगद भारतबाट नेपाल तर्फ चोरी पैठारी गरेको होइन भन्न सक्ने अबस्था देखिएन। प्रचलित सम्पति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २९घ. मा मुद्रा तथा धारक विनिमेय अधिकार पत्रलाई भन्सार सम्बन्धी प्रचलित कानुन बमोजिमको मालबस्तु मानिने र सो सम्बन्धी कारवाही भन्सार सम्बन्धि कानुन बमोजिम हुनेछ भन्ने व्यवस्था गरेको समेत देखियो।

१८. भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (२) मा "उपदफा (१ग) वा (१घ) बमोजिम जफत हुने मालबस्तु ढुवानी गर्न प्रयोग भएको सवारी साधन सो साधनको धनीको सहमति वा जानकारीमा प्रयोग भएको रहेछ भने सम्बन्धित भन्सार अधिकृत वा जिल्ला अदालतले त्यस्तो सवारी साधन जफत गरी निजलाई एक बर्षसम्म कैद गर्न सक्नेछ। सवारी साधनको धनीको सहमति वा जानकारी बिना सवारी चालकले जानाजानी त्यस्तो मालबस्तु ढुवानी गर्न सो सवारी साधन प्रयोग गरेको रहेछ भने त्यस्तो चालकलाई

सम्बन्धित भन्सार अधिकृत वा जिल्ला अदालतले पाँच हजार रुपैयासम्म जरिवाना वा एक बर्षसम्म कैद वा दुवै सजाय गर्न सक्नेछ।" भन्ने कानुनी व्यबस्था रहेको देखिन्छ। प्रतिवादी सुमित कुमार यादवले नगद चोरी पैठारी गर्दा प्रयोग गरेको मोटरसाईकलका सवारी धनी भारत निवासी रोशन कुमारको हो भनि अनुसन्धान अधिकृत समक्ष बयान गर्दा उल्लेख गरेको भएपनि सो भनाइलाई पुष्टि हुने कुनै प्रमाण यी प्रतिवादीले पेश गर्न नसकेकोबाट सो मोटरसाइकलको धनी यी प्रतिवादी नै रहेको मान्नु पर्ने देखिन आयो। नगद चोरी पैठारी गर्दा प्रयोग गरेको मोटरसाइकल धनी आफै रहेको अबस्थामा भन्सार ऐन, २०६४ को दफा ५७(२) बमोजिम सवारी धनीको रुपमा निजलाई एक बर्ष कैद सजाय गरेकोलाई अन्यथा मान्नु पर्ने देखिदैन। प्रतिवादीबाट बरामदीत विगो पचास लाख रुपैयाभन्दा कम नै रहेकोले भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (१ग) को खण्ड (ख) बमोजिम पुनरावेदक प्रतिवादी सुमित कुमार यादवलाई बरामद भएको नगद विगो रु.२५,५०,०००।—र निजले नगद चोरी पैठारी गर्न प्रयोग गरेको BR 32AG 5743 को मोटरसाईकल जफत गरी बरामद भएको विगो बमोजिम जरिवाना गर्ने गरी गरेको शुरु जनकपुर भन्सार अधिकृतको निर्णय सो हदसम्म मिलेकै देखियो।

१९. जहासम्म यी प्रतिवादीलाई भन्सार ऐन, २०६४ को दफा (२) बमोजिम सवारी चालकको रुपमा रु.५,०००।— जरिवाना हुने शुरु निर्णय छ सो सम्बन्धमा हेर्दा, जफत हुने मालवस्तु ढुवानी भएको सवारी साधनको धनी र चालक फरक फरक व्यक्ति भएको र धनीको जानकारी वा सहमति विना सवारी साधन प्रयोग गरेकोमा चालकलाई जरिवाना हुने कानुनी व्यवस्था रहेको देखिन्छ। प्रस्तुत मुद्दामा जफत हुने मोटरसाइकलको धनी र चालक समेत आफै रहेको भन्ने निष्कर्षमा शुरु कार्यालय पुगेर सवारी धनीको रुपमा निजलाई एक बर्ष कैद सजाय समेत निर्धारण गरेपछि आफ्नै निष्कर्षको विपरित हुने गरी चालक अलग व्यक्ति मानी यी प्रतिवादीलाई रु.५,०००।—थप जरिवाना गरेको शुरु निर्णय सो हदसम्म कानुनसम्मत नभई उल्टी हुने देखियो।

२०. अब अर्का प्रतिवादी संजय कुमार साहको हकमा लिएको दावी हेर्दा, भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (४) बमोजिम सजाय गरी पाउँ भन्ने देखिन्छ। उक्त दफा ५७ (४) मा "कसैले चोरी निकासी वा चोरी पैठारीको मालबस्तु लुकाएको वा जानाजानी राखेमा भन्सार अधिकृतले त्यस्तो मालबस्तु जफत गरी निजलाई दश हजार रुपैयासम्म जरिवाना गर्न सक्नेछ" भन्ने कानुनी व्यबस्था रहेको देखिन्छ। मिति २०७७।११।११ मा प्रतिवादी सुमित कुमार यादवले बोकेको व्यागबाट नगद रु. २५,५०,०००।— र निजले चढेको मोटरसाइकल बरामद भएको देखिन्छ। यी संजय कुमार साहबाट कुनै नगद वा मालबस्तु बरामद भएको देखिदैन। आफु टेन्टको सामान जटही पुर्याएर फर्कदा नगराईनमा रहेको आफ्नो पसल अगाडि प्रहरीले नगद बरामद गरी गन्ती गर्दै गर्दा

आइपुगेको भनि अनुसन्धान अधिकृत समक्ष गरेको बयानमा उल्लेख गरेको देखिन्छ। प्रतिवादी संजय कुमार साह अर्का प्रतिवादी सुमित कुमार यादवसंगै मोटरसाइकलमा रहेका थिए भनि मिसिल संलग्न प्रमाणबाट पुष्टी हुन सकेको अवस्था छैन। प्रतिवादी सुमित कुमार यादव जिल्ला धनुषा नगराईन नगरपालिका वडा नं २ स्थित इस्लाम कवारीको घरमा रहेको संजय कुमार साहको नेहा फैन्सी स्टोर्स एण्ड रेडिमेड पसलको अगाडी रहेको कुर्सीमा बसेको सम्म भनि बरामद मुचुल्कामा उल्लेख भएको देखिन्छ। बरामदी मुचुल्कामा उल्लेख भए बमोजिम बरामद भएको नगद प्रतिवादी संजय कुमार साहको पसलबाट बरामद भएको नभइ प्रतिवादी सुमित कुमार यादवले आफुसंगै बोकेको व्यागबाट बरामद भएको भनि बरामद मुचुल्का उल्लेख गरेकोबाट पनि प्रतिवादी संजय कुमार साहले बरामद भएको नगद लुकाएको वा आफ्नो पसलमा राखेको अबस्थामा बरामद भएको नदेखिँदा नगद चोरी पैठारीको कार्यमा सहयोग वा मद्दत गरेको भन्न सक्ने अबस्था पनि देखिदैन। केवल शंका र अनुमानको भरमा कसैलाई पनि दोषी ठहर गर्नु फौज्दारी न्यायको सिद्धान्त समेत विपरित हुन जाने हुन्छ । प्रमाण ऐन, २०३१ को दफा २५ को कानूनी व्यवस्था हेर्दा, "फौज्दारी मुद्दामा आफ्नो अभियुक्तको कसूर प्रमाणित गर्ने भार वादीको हुनेछ" भनी उल्लेख भएको समेतबाट पुनरावेदक प्रतिवादी संजय कुमार साहले अभियोग दावीको कसूर गरेको हो भन्ने मिसिल संलग्न सबुत प्रमाणबाट वादीले पुष्टी गर्न सकेको पाइएन। केवल अनुमान र शंकाको भरमा फौज्दारी मुद्दामा कसूरदार कायम गर्नु फौज्दारी न्यायको सिद्धान्त प्रतिकूल हुने देखिन्छ। श्री सर्वोच्च अदालतवाट प्रमाण ऐन २०६१ को दफा २५ वमोजिम प्रतिवादी उपरको अभियोग दावी पुष्टी गर्न प्रमाणको भार वादी नेपाल सरकारमा निहित रहेको र सो वमोजिम अभियोग दावी वमोजिमको ठोस निश्चायात्मक प्रमाण नेपाल सरकारको तर्फबाट पेश हुन नसकेको अबस्थामा फौज्दारी न्याय तथा न्यायिक सिद्धान्तको रोहमा शंकाको भरमा प्रतिवादीलाई कसुरदार करार गर्न नमिल्ने[1] भनी सिद्धान्त प्रतिपादन भई रहेको सन्दर्भमा अनुमानको भरमा आरोप लगाएकै आधारमा अपराधिक दायित्व बहन गराउनु फौज्दारी न्यायको सिद्धान्त समेतको प्रतिकूल हुने हुँदा शुरु भन्सार कार्यालयबाट यी प्रतिवादी संजय कुमार साहलाई भन्सार ऐन २०६४ को दफा ५७ (४) को कसुर गरेको ठहर्याई रु.१०,०००।-जरिवाना गर्ने गरेको हदसम्म शुरु फैसला मिलेको देखिएन। त्यसैले अभियोग दावीबाट सफाइ पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरलाई अन्यथा मान्नुपर्ने देखिन आएन ।

[1] तेज बहादुर रोकाया विरुद्ध नेपाल सरकार समेत ने.का.प. भाग ६२, २०७७ साल भाद्र महिना अक ५, नि.न. १०४९३।

२१. तसर्थ माथि उल्लेखित आधार कारणबाट प्रतिवादी सुमित कुमार यादवलाई सम्पत्ती शुद्धिकरण (मनि लाण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २९घ. तथा भन्सार ऐन, २०६४ को दफा ५७(१) बमोजिमको कसुरमा सोही ऐनको दफा ५७(१ग) बमोजिम वरामद नगद रु.२५,५०,०००।- जफत भई विगो बराबर जरिवाना, २ महिना ११ दिन कैद र कसुर गर्न प्रयोग भएको मोटरसाईकल समेत जफत गरी एक बर्ष सम्म कैद समेत गर्ने गरेको शुरु फैसला सो हदसम्म मिलेकै देखिँदा सदर हुने ठहर्छ। सवारी धनीको रुपमा निजलाई जरिवाना गरिसकेपछि निजलाई चालकको हैसियतमा समेत रु.५०००।- जरिवाना गरेको निर्णय भन्सार ऐन, २०६४ को दफा ५७(२) विपरित हुँदा सो हदसम्म केहि उल्टी हुने र अर्का प्रतिवादी संजय कुमार साहको हकमा भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (४) बमोजिमको कसुर गरेको भन्ने अभियोग मिसिल संलग्न प्रमाणबाट पुष्टि हुन सकेको नदेखिँदा निजको हकमा शुरु फैसला उल्टी भई निजले आरोपित कसुरबाट सफाई पाउने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नू।

<u>तपसिल खण्ड</u>

१. माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी सुमित कुमार यादवलाई सवारी धनीको रुपमा जरिवाना गरिसकेपछि निजलाई चालकको हैसियतमा समेत रु.५०००।- जरिवाना गरेको निर्णय भन्सार ऐन, २०६४ को दफा ५७(२) विपरित हुँदा सो हदसम्म शुरु फैसला केही उल्टी हुने फैसला भएकोले रु.५०००।—थप जरिवाना हुने गरी शुरु कार्यालयमा राखिएको जरिवानाको लगत सो हदसम्म संशोधन गर्नु भनी शुरु जनकपुर भन्सार कार्यालयलाई लेखि पठाइदिनू।
२. प्रतिवादी सुमित कुमार यादवलाई लागेको कैद र जरिवाना भुक्तान भैसकेपछि निजले राखेको धरौटी बाट बढी हुने रकम हिसाव गरी फिर्ताको लागि निवेदन दिएमा निज प्रतिवादी सुमित कुमार यादवलाई फिर्ता दिनु भनि शुरु जनकपुर भन्सार कार्यालयलाई लेखि पठाइदिनू।
३. माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी संजय कुमार साहको हकमा शुरु फैसला उल्टी भई निजले आरोपित कसुरबाट सफाई पाउने ठहरी फैसला भएकोले निजले जनकपुर भन्सार कार्यालयमा राखेको धरौटी रु.१०,०००।- माग गरी निवेदन दिएमा निज प्रतिवादी संजय कुमार साहलाई फिर्ता दिनु भनि शुरु जनकपुर भन्सार कार्यालयलाई लेखि पठाइदिनू।
४. प्रस्तुत फैसलाको प्रतिलिपी साथै राखी फैसला भएको जानकारी विशेष सरकारी वकिल कार्यालय काठमाडौलाई दिनू।
५. फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू।

६. प्रस्तुत फैसला विद्युतीय प्रणालीमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।

७. प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी शुरु मिसिल जनकपुर भन्सार कार्यालयमा पठाई रेकर्ड मिसिल नियमानुसार बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा हामीहरु सहमत छौं ।

गोविन्दप्रसाद अधिकारी
(राजस्व सदस्य)

पुष्प प्रसाद गुरागाईं
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
शाखा अधिकृतः श्री भिष्म भट्टराई

इतिसम्बत २०७९ साल असार २३ गते रोज ५ शुभम...........................

प्रमाणिकरण मितिः-

प्रमाणिकरण गर्नेः-

राजस्व न्यायाधिकरण काठमाण्डौको छाप